# बाराका विद्यालयमा पानीको अभाव

**सञ्जीवकुमार मिश्रा/हिटा**

बारा, २९ वैशाख

विद्यालय जाने विद्यार्थी विद्यालय जाँदा के-के लिएर जान्छ ? तपाईंको उत्तर होला किताब, कापी, कलम, झोला आदि तर बाराको कलैया उपमहानगरपालिकाका विद्यालयहरूमा यति उत्तरले मात्र पुग्दैन । उनीहरू किताब, कापी, पेन्सिलबाहेक पनि घरबाटै पानीको बोतलसमेत लिएर विद्यालय जानुपर्ने बाध्यता रहेको छ । लामो समयको खडेरीका कारण बाराका अधिकांश विद्यालयहरूको धारा (चापाकल) सुकेका कारण घरबाटै पानी लिएर विद्यालय जान विद्यार्थीहरू बाध्य भएका छन् ।

कलैया उपमहानगरपालिकाका विद्यालयहरूमा विद्यार्थीहरू विद्यालय जाँदा अनिवार्यरूपमा बोतल लिएर जानुपर्ने बाध्यता रहेको छ । पालिकाका अधिकांश विद्यालयमा पानीको अभाव भएपछि विद्यालयहरूले विद्यार्थीहरूलाई घरबाटै बोतलमा पानी लिएर ल्याउन अह्राएका छन् । विद्यालयहरूमा खानेपानीका लागि जमिनमुनि गाडिएका चापाकलहरू सुकेर पानी दिन छोडेपछि विद्यालयहरूले घरबाट नै बोतलमा पानी लिएर आउन विद्यार्थीहरूलाई निर्देशन दिइएको कलैया उपमहानगरपालिका-१० शीतलपुरस्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालयका प्रधानाध्यापक राजकिशोर सहनीले जानकारी गराउनुभयो ।

विद्यालयमा जडान गरिएका तीनवटा चापाकल सुकेर पानी दिन छोडिसक्यो । उहाँले भन्नुभयो, 'पानीको अभाव छ । प्रचण्ड गर्मी छ । विद्यार्थीहरूलाई पानी खान समस्या भएकाले घरबाटै बोतलमा पानी ल्याउन अनिवार्य गरेका छौँ ।'



**कलैया उपमहानगरपालिका-१० शीतलपुरस्थित श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयका विद्यार्थीहरू ।**

विद्यालयका शिक्षकशिक्षिकाहरूलाई समेत घरबाट नै पानी लिएर आउन निर्देशन दिइएको प्रधानाध्यापक सहनीले बताउनुभयो ।

पानीको अभावले विद्यालयमा समस्या हुँदै आएको आधारभूत विद्यालय छोटिकफूलवरियाका प्रधानाध्यापक नथुनी महतोले जानकारी गराउनुभयो । पानीको अभावले बाराका अधिकांश विद्यालयहरूको समस्या यस्तै छ ।

पानीको मुख्य स्रोत चापाकल सुकेपछि करिब दुई महिनादेखि बारालगायत मधेशका जिल्लाहरूमा हाहाकार भएको छ । वनजंगल विनाश, चुरे दोहन र अवैध बालुवा गिट्टी उत्खननले प्रत्येक वर्ष बाराबासी गर्मीमा पानीको समस्या भोग्दै आए पनि स्थानीय जनप्रतिनिधिले ठोस र दीर्घकालीन समाधान गर्नेतर्फ ध्यान नदिएको नागरिक समाज बाराका अध्यक्ष उमेशलाल दासले आरोप लगाउनुभयो । पानीको हाहाकार भएकाले जनप्रतिनिधि तत्काल समस्या समाधानतर्फ लाग्नुपर्ने दासले बताउनुभयो ।

कलैया उपमहानगरपालिकासँग टयांकर छ तर त्यो टयांकरले पानीको अभाव भएका विद्यालयहरूमा पानी पुर्‍याउनुको साटो सडकमा पानी छर्कनमात्र प्रयोग हुने गरेको नागरिक समाज बाराका अध्यक्ष दासले बताउनुभयो ।

# रारा पुग्ने छोटो सडकमार्गको निर्माण कार्य सुरु

**नृपेन्द्रबहादुर मल्ल/हिटा**

मुगु, २९ वैशाख

कर्णाली प्रदेशको विकट हिमाली जिल्ला मुगुमा अवस्थित नेपालकै ठूलो र गहिरो ताल रारा जाने छोटो बाटोको विस्तार गर्ने काम थालिएको छ । नेपाल सरकार सडक डिभिजन कार्यालय जुम्लाको आर्थिक तथा प्राविधिक सहयोगमा छायाँनाथ रारा नगरपालिका तली तुम गाउँदेखि वडा नं. ३ लामाचौरसम्मको सडक विस्तार गर्ने काम थालिएको हो ।

विशेषगरी जिल्ला सदरमुकाम गमगढीबाट रारा ताल जान पैदल दूरीमा दुई घण्टा लाग्ने र गाडीमा रारा विमानस्थल भएर जाँदा एक घण्टासम्म समय लाग्ने गर्दछ, गमगढी लामाचौरको दूरी अत्यन्तै छोटो र छिटो रारा पुगिने भएकाले यो सडक विस्तारको काम अघि बढेको सडक डिभिजन कार्यालयका इञ्जिनियर वीरबहादुर जिटीले बताउनुभयो । उहाँले भन्नुभयो, 'नेपालकै गौरवका रूपमा रहेको रारा ताल क्षेत्रको पर्यटन विकासमा टेवा पुर्‍याउन यो सडक विस्तार गर्ने काम अघि बढाइएको हो ।'



सडक विस्तारको कामको जिम्मा विनम्र निर्माण सेवा सुर्खेतले लिएको छ । यस मार्गको जम्मा लागत ५५ लाख चार हजार ७७५ रुपैयाँ रहेको र सडकमार्ग २०८१ असार मसान्तसम्म निर्माण गरिसक्नुपर्नेछ भने २०८० असोज २४ गते सम्बन्धित निर्माण कम्पनी र सडक डिभिजन कार्यालय जुम्लाबीच दुईपक्षीय ठेक्का सम्झौता भएको थियो ।

पर्यटकीय मार्गको विस्तारको काम हाल धमाधम भइरहेको छ । दुईदेखि तीन किलोमिटर लम्बाइ रहेको उक्त पर्यटकीय सडकमार्गमा १ दशमलव ५ किलोमिटर, चार मिटर चौडाइको ग्राबेल, झण्डै ४५० घनमिटरको ग्याबिन जाली र २ दशमलव ५ किलोमिटर सडक चौडा पार्ने काम हुने सडक डिभिजन कार्यालय जुम्लाले जानकारी दिएको छ ।

रारा पर्यटकीय मार्गको विस्तारको काम सम्पन्न भएमा गमगढीबासीका साथै कर्णाली करिडोर र कर्णाली राजमार्ग हुँदै मुगु जिल्ला सदरमुकाम गमगढी आएका आन्तरिक तथा बाह्य पर्यटकहरूलाई रारा ताल पुग्न बढीमा २० देखि ३० मिनेटसम्म लाग्ने बताइएको छ ।


**Provincial Government**
**Ministry of Physical Infrastructure,Development &Transport Management**
**Infrastructure Development Directorate**
**Infrastructure Development Office**
**Baglung**
**Gandaki Province**

**NOTICE OF INTENT OF ACCEPTANCE**

**(Date of Publication 2081-01-30 (12th May, 2024)**

For the provision on sub clauses 27.2 and 27.3 of public Procurement Act 2063, this is to notify all Bidders who submitted their bids for the contract below, that the follow mentioned Lowest evaluated substantially responsive bidder is intended to award the Contract.

| S.N. | Name of Project | Contract ID | Lowest evaluated Substantially Responsive Bidder | Bid Amount (Including VAT and PS) |
|---|---|---|---|---|
| 1 | Bhakunde-Thamka-Aphre-Damek-Borang-Shantipur Road, Ba Na Pa -11 and Jaimini | IDOBAGLUNG/ NCB/W/R/51/2080/81 | Atlantic Construction Pvt.Ltd, lahare Pauwa- 01, Rasuwa | **5,54,90,785.17** |

**राप्ती गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मसुरीया, देउखुरी, दाङ**
**लुम्बिनी प्रदेश, नेपाल**

**नदीजन्य पदार्थको बिक्रीका लागि विद्युतीय बोलपत्र आब्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८१ बैशाख ३० गते**

राप्ती गाउँपालिका क्षेत्रबाट तपशिल बमोजिमका नदी घाटबाट उत्खनन संकलन गरिएको नदीजन्य पदार्थ घाटगद्धी गरिएकै स्थानबाट उठाई लैजानका लागि छुट्टाछुटै ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले निश्चित दरमा बढीबढाउ हिसावले बोलपत्र पेश गर्नका लागि यसै सूचना मार्फत ठेक्का आव्हान गरिएको छ । मुल्य अभिबृद्धि कर दर्ता भएका ईच्छुक फर्म निर्माण व्यवसायी सप्लायर्स वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र आर्थिक बर्ष २०७९/०८० को करचुक्ता प्रमाणपत्र तथा आवश्यक ईजाजतपत्र आदि सहित बोलपत्र दस्तुर रु ३०००/- बुझाई छुट्टाछुट्टै बोलपत्र खरिद गरी सो राप्ती गाउँपालिकाको नाममा रहेको ग्लोबल आईएमई बैंकको GA-1.1 ANTARIK RAJASWO KHATA (RAPTI GA.PA.) खाता नं ३४००४०१००००००८ मा राजश्व शिर्षक नं १४२१३ मा बुझाएको सक्कल बैंक भौचरको scan copy पेश गरी www.bolpatra.gov.np/egp बाट बोलपत्र खरिद गरी ७ औ दिन दिनको १२ बजे सम्ममा रीत पूर्व बिद्युतीय बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । बोलपत्र दाताले आफुले कबोल गरेको भ्याट बाहेकको रकमको ५ प्रतिशतले हुन आउने रकम ग्लोबल आईएमई बैंकको को GA-3 STHANIYA TAHA DHARAUTI KHATA (RAPTI GA. PA.) खाता नं ३४००४०१००००००४ मा जम्मा गरेको सक्कल बैंक भौचर वा १२० दिन मान्य अवधि रहेको बैंक जमानत पेश गर्नुपर्नेछ । रित नपुगी वा म्याद नाघी आएको बोलपत्र माथी कुनै कारवाही हुने छैन । स्वीकृत वा रद्द गर्ने संपुर्ण अधिकार गाउँपलिका मा निहित रहनेछ । अनुमति प्रदान गर्ने निकायवाट केही परिमाण हेरफेर भएमा सोही बमोजिमको परिमाण नै अन्तिम हुने छ । अन्य शर्तहरु तोकिए बमोजिम हुनेछ । बिस्तृत जानकारीका लागि कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

| ठेक्का नं. | ठेक्का बिबरण | लागत अनुमान भ्याट बाहेक | कै. |
|---|---|---|---|
| RAPTI/REV/03/2080/081 | राप्ती नदीको कटाहा घाट क तथा कटाहाघाट ख क्षेत्रबाट पालिकाले घाटगद्धी गरी राखेको नदिजन्य पदार्थको बिक्री ब्यवस्थापन (स्टक नं २) | २२५०००० | |
| RAPTI/REV/04/2080/081 | राप्ती नदीको कटाहा घाट क तथा कटाहाघाट ख क्षेत्रबाट पालिकाले घाटगद्धी गरी राखेको नदिजन्य पदार्थको बिक्री ब्यवस्थापन (स्टक नं ३) | ४५००००० | |
| RAPTI/REV/05/2080/081 | राप्ती नदीको कटाहा घाट क तथा कटाहाघाट ख क्षेत्रबाट पालिकाले घाटगद्धी गरी राखेको नदिजन्य पदार्थको बिक्री ब्यवस्थापन (स्टक नं ४) | ४५००००० | |
| RAPTI/REV/06/2080/081 | राप्ती नदीको कटाहा घाट क तथा कटाहाघाट ख क्षेत्रबाट पालिकाले घाटगद्धी गरी राखेको नदिजन्य पदार्थको बिक्री ब्यवस्थापन (स्टक नं ५) | ४५००००० | |
| RAPTI/REV/07/2080/081 | राप्ती नदीको कटाहा घाट क तथा कटाहाघाट ख क्षेत्रबाट पालिकाले घाटगद्धी गरी राखेको नदिजन्य पदार्थको बिक्री ब्यवस्थापन (स्टक नं ६) | ४५००००० | |

**प्रमुख प्रशासकीय अधिकृत**

**Chame Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Chame, Manang**
**Gandaki Province, Nepal**

**NOTICE OF INTENT OF ACCEPTANCE**

**Date of Publication 2081-01- 30**

For the provision of clause 27 sub clauses (2) and (3) of the Public Procurement Act 2063, this is notify to all bidders who submitted their bids for the contracts as per the notice published on 17-03-2024 in Madhyanaha National Daily, that the following mentioned lowest evaluated substantial responsive bidder is intended to award the contract.

| Name of Project | Contract no | Name of Successful Bidder | Bid Amount (including VAT ) |
|---|---|---|---|
| Chame Healthpost Construction, Thanchok | CRM-Works/ 04/080-081 | M/s JALAKI -UTTAM JV, Surket, Nepal | NRs. 17,120,467.33 |

**(Nama Narayan Malla)**
**Act. Chief Adminstrative Officer**

**Invitation for Re-Bids**

**Gauradaha Municipality**
**Office of Municipal Executive**
**Gauradaha, Jhapa**
**Koshi province, Nepal**

**"Procurement of Colour Doppler Ultra Sound Machine for extension of Video X-Ray Services of Municipal Hospital"**

**Contract Identification No: GM/NCB/G/2/080-081**
First Date of publication: 2080-11-18 B.S. ( 2024-March-1 AD)
Second Date of publication: 2081-01-30 B.S. ( 2024-May-12 AD)

1. Government of Nepal has allocated funds to cover eligible payment under the contract of procurement of "Procurement of Colour Doppler Ultra Sound Machine for extension of Video X-Ray Services of Municipal Hospital" (IFB no: GM/NCB/G/2/080-081).Bidding is open to all eligible Nepalese Bidders.
2. The Gauradaha Municipality , Office of Municipal Executive, Province no.1,Nepal invites sealed and electronic bids from eligible bidders for the procurement of ["Procurement of Colour Doppler Ultra Sound Machine for extension of Video X-Ray Services of Municipal Hospital"] under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Gauradaha Municipality Office of Municipal Executive,Koshi Province,Nepal or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document upon payment of a non-refundable fee of NRs 3000 till 12:00 noon,2081-02-14 Bs.(2024-May-27AD) during office hours. in the following Rajaswa (revenue) account as specified below .
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: NIC Asia Bank Ltd
   Name of Office : Gauradaha Municipality, Office of Municipal Executive, Koshi Province
   Office Code no. : ............................Office Account no.: 0872050028408002.
   Rajaswa (revenue) Shirshak no. : GAURADAHA MUNICIPALITY(Antarik Rajaswa Khata)
5. Pre-bid meeting shall be held at Gauradaha Municipality Office of Municipal Executive,Koshi Province, Nepal at 14:00 hrs of 2081-Jestha -04 B.S. (2024-May-17 A.D.)
6. Electronic bids must be submitted to the office Gauradaha Municipality Office of Municipal Executive, Koshi Province,Nepal through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Hrs on 2081-Jestha-14 B.S. (2024-May-27 A.D.).Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hrs on 2081-Jestha -14 B.S. (2024-May-27A.D.) at the office of Gauradaha Municipality Office of Municipal Executive,Koshi Province,Nepal. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 88,000,(incase of cash deposit bid security has to deposit in deposit account no : 87CA750361152401 of GAURADAHA MUNICIPALITY (Darauti Khata), Jhapa in NIC Asia Bank,Gauradaha ,Jhapa.) which shall be valid for 30 days beyond the validity period of the bid .
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**